BCRCF

Burhan Community Regeneration and Conservation Foundation

*for the Agency of Community over Conservation*

**बर्दिया समुदायका लागि · सोच्नका लागि पुस्तिका**

# संरक्षण कसको हातमा?

चार सिधा प्रश्नबाट बुझौँ — संरक्षण के हो, कसका लागि हो, कसले गर्ने हो, र सफलताको श्रेय कसले पाउँछ।


१ · संरक्षण के हो?

२ · संरक्षण कसका लागि हो?

३ · संरक्षण कसले गर्ने हो?

४ · सफलताको श्रेय कसले पाउँछ?



**बुर्हान समुदाय पुनरुत्थान तथा संरक्षण प्रतिष्ठान (BCRCF)**

असार २०८३ · जुलाई २०२६

सुरुमा दुई कुरा

# यो पुस्तिका किन?

बर्दियाका जङ्गल, नदी र घाँसे मैदान हाम्रै पुर्खाले जोगाएका हुन्। तर आज संरक्षणको निर्णय समुदायभन्दा टाढा हुन्छ, र त्यसको भार भने स्थानीय बासिन्दाले नै बोक्छन्।

बाघ बढे, गैँडा बढे — यो खबर संसारभर सुनियो। तर त्यही जङ्गलको छेउमा बस्ने परिवारले खेती कुर्दा, गोठ कुर्दा र बाटो हिँड्दा ज्यानको डर बोक्नुपर्‍यो। सोध्ने भने कमै भए — यो सफलता **कसका लागि** हो?

यो पुस्तिका कसैलाई दोष दिन बनाइएको होइन। यो त एउटा सिधा प्रश्न सोध्न बनाइएको हो: **संरक्षणको बागडोर कसको हातमा हुनुपर्छ?** हामी यसलाई भन्छौँ — समुदायको **अभिकर्तृत्व (Agency)**।

यो पुस्तिकाको उद्देश्य बर्दियाका ती बहुसङ्ख्यक स्थानीय बासिन्दालाई जगाउनु हो, जसको राष्ट्रिय निकुञ्जलगायत स्थानीय प्राकृतिक स्रोतमा **प्रत्यक्ष सरोकार छ** — तर तिनै स्रोतबारे हुने निर्णय र तिनमा संलग्न हुने बाटाहरूबाट जो टाढै राखिए। **सामन्ती र औपनिवेशिक शैलीका** संरक्षण तथा व्यवस्थापन अभ्यासले स्थानीयको जीवन मात्र होइन, स्वयं संरक्षण अभ्यासकै भविष्य पनि जोखिममा पारेको छ।

यो पुस्तिका बुद्धिमत्तापूर्ण, रचनात्मक र प्रभावकारी छलफलको झिल्को बन्न चाहन्छ — यस्तो अभियानतर्फ, जसले स्थानीय जनतालाई **इच्छाशक्ति, क्षमता र संस्थागत कार्यक्षमताको** त्यो तहमा पुर्‍याओस्, जहाँबाट न्यायपूर्ण, उत्थानशील र दिगो संरक्षण सम्भव हुन्छ — जैविक विविधता र समुदायको हित, दुवैका लागि।

> **जब निर्णय गर्ने अधिकार समुदायको हातमा हुँदैन, तब संरक्षण सफल देखिए पनि, त्यसको मूल्य स्थानीय बासिन्दाले तिर्नुपर्छ।**

अब चार प्रश्न एक-एक गरी हेरौँ — हरेक प्रश्नले पुरानो र नयाँ सोचबीचको फरक देखाउँछ; कसैको विरोध होइन, सुधारको बाटो।

मूल कुरा

# "अभिकर्तृत्व" (Agency) भनेको के?

धेरैले सोच्छन् — रोजगारी, तालिम र केही पैसा दिनु नै सहभागिता हो। तर **सहभागिता** र **अभिकर्तृत्व** फरक कुरा हुन्।

**अभिकर्तृत्व (AGENCY) भनेको**

आफ्नो जीवन र परिवेश छुने निर्णयहरूमा **जानाजान, सक्रिय भूमिका** खेल्ने सामर्थ्य — अधिकारसँगै **ज्ञान, क्षमता र मान्यता** समेत।

१ **नियत:** आफ्नै उद्देश्य आफैँ तय गर्ने।

२ **दूरदृष्टि:** अगाडिको परिणाम सोचेर योजना बनाउने।

३ **कार्य र नियमन:** योजना आफैँ लागू गर्ने, आफैँलाई अनुशासनमा राख्ने।

४ **आत्म-समीक्षा:** आफ्नै काम केलाएर सिक्ने र सच्याउने।

**नेपालका संरक्षित प्रणालीमा समुदायको अभिकर्तृत्व — कमदेखि बढीसम्म →**

| राष्ट्रिय निकुञ्ज | मध्यवर्ती क्षेत्र | संरक्षण क्षेत्र | सामुदायिक वन |
|---|---|---|---|
| न्यून | सीमित (निकुञ्जकै व्यवहारले अझै खुम्चिएको) | नाम मात्रको साझेदारी | तुलनात्मक रूपमा उच्च |

**सहभागिता मात्र**

अरूको योजनामा बोलाइन्छ; काम गर्न पाइन्छ, तर निर्णयमा हात हुँदैन।

**साँचो अभिकर्तृत्व**

योजना बनाउने, रोक्ने र बदल्ने सामर्थ्य समुदायकै हातमा — समुदाय निर्णय गर्ने पक्ष।

छोटकरीमा: **अभिकर्तृत्व भनेको घरको चाबी हो** — र चाबीसँगै घर चलाउने जानकारी र साधन। त्यही आधार हुन् — पूर्वसर्त।

गहिरो अर्थ

# अभिकर्तृत्वका पूर्वसर्त

अभिकर्तृत्व कुनै घोषणा वा कानुनको एक हरफले मात्र आउँदैन। "अबदेखि समुदायले निर्णय गर्छ" भनेर लेख्दैमा हुँदैन — यसका केही आधार पहिले तयार हुनुपर्छ।

१ **ज्ञान र सूचना:** जङ्गलमा के भइरहेको छ, कस्ता योजना बन्दै छन् — यो जानकारी समुदायसम्म पुग्नुपर्छ। जुन कुरा लुकाइन्छ, त्यसबारे निर्णय गर्न सकिँदैन।

२ **क्षमता र संस्था:** सीप, तालिम, र समुदायले सामूहिक रूपमा निर्णय गर्ने संगठित संरचना (जस्तै संरक्षण परिषद्)।

३ **कानुनी मान्यता:** समुदायको निर्णयलाई सरकार र संस्थाले औपचारिक रूपमा मान्नुपर्छ। मान्यता बिनाको निर्णय सल्लाह मात्र हो — जुन जहिले पनि पन्छाउन सकिन्छ।

४ **स्रोत र साधन:** हरेक कामका लागि अरूको अनुमति कुर्नु नपर्ने गरी, आफ्नै स्रोतमा टेकेर काम गर्न सक्ने आधार।

यी चार आधार बिना, अभिकर्तृत्व नाममा मात्र सीमित हुन्छ।

**एउटा इमानदार समीक्षा:** मुख्यधाराका संरक्षण निकायहरू — सरकारी होऊन् वा अन्तर्राष्ट्रिय — ले समुदायलाई यी पूर्वसर्त पूरा गर्न, अर्थात् संरक्षणको योजना र निर्णयको बागडोर आफ्नै हातमा लिन तयार पार्न सकेनन् — कतै अन्जान र बेवास्ताले, कतै नियन्त्रण छोड्न नसक्ने पुरानो बानीले। परिणाम: समुदायको भूमिका प्रायः कामदार र लाभग्राहीमै सीमित रह्यो, निर्णयकर्तासम्म पुगेन। यो विगत स्विकार्दा नै अगाडिको बाटो खुल्छ।

त्यसैले पहिलो काम भनेको दोष खोज्नु होइन — **यी पूर्वसर्त सँगै बनाउनु हो।** यो अभिकर्तृत्वले कुनै संस्थालाई हटाउँदैन; बरु सबैलाई एउटै टेबलमा बसाल्छ, जहाँ समुदाय निर्णायक पक्ष हुन्छ, दर्शक होइन।

हाम्रो स्थापित हक

# स्वतन्त्र, अग्रिम र सुसूचित सहमति

पूर्वसर्तसँगै जोडिएको एउटा विश्वव्यापी सिद्धान्त छ — **Free, Prior and Informed Consent (FPIC)**, अर्थात् स्वतन्त्र, अग्रिम र सुसूचित सहमति। हाम्रो भूमि, जीविका र भविष्यलाई छुने कुनै पनि निर्णय हुनुअघि, हाम्रो सहमति चाहिन्छ।

**क** **स्वतन्त्र:** कुनै दबाब, धम्की वा प्रलोभन बिना दिइएको सहमति — मनैदेखिको "हुन्छ"।

**ख** **अग्रिम:** निर्णय भइसकेपछि जानकारी दिनु सहमति होइन। योजना बन्नुअघि नै समुदायलाई सोधिनुपर्छ।

**ग** **सुसूचित:** पूरा जानकारी, बुझिने भाषामा — फाइदा मात्र होइन, जोखिम र असर पनि खुलस्त।

सूचना टाँस्नु, हस्ताक्षर बटुल्नु वा औपचारिक भेला गराउनु मात्र सहमति होइन। सहमति भनेको **"हुन्छ" वा "हुँदैन" भन्न पाउने वास्तविक अधिकार** हो — र समुदायले "हुँदैन" भन्दा त्यसको सम्मान हुनुपर्छ।

> **सहमति ढोका हो, अभिकर्तृत्व घर हो — ढोका नखोली घरभित्र पस्न मिल्दैन।**

**सम्झनुहोस्:** यो कुनै नयाँ माग होइन — संयुक्त राष्ट्रसंघलगायत अन्तर्राष्ट्रिय मञ्चहरूले आदिवासी तथा स्थानीय समुदायको हकका रूपमा स्वीकार गरिसकेको सिद्धान्त हो। बर्दियामा पनि यही मापदण्ड लागू हुनुपर्छ।

१

पहिलो प्रश्न

# संरक्षण के हो?

यदि संरक्षण भनेको केवल जनावरको सङ्ख्या बढाउनु हो भने, त्यो अधुरो बुझाइ हो। सङ्ख्या त एउटा नतिजा मात्र हो — संरक्षणको उद्देश्य होइन।

**पुरानो सोच**

संरक्षण = वन्यजन्तुको सङ्ख्या बढाउनु। मानिसलाई जङ्गलदेखि टाढा राख्नु।

**नयाँ सोच**

संरक्षण = मानिस र प्रकृति सँगै फस्टाउने सम्बन्ध टिकाउनु। जीवन र जीविका दुवैको रक्षा।

बर्दियामा बाघ बढ्नु राम्रो हो। तर बाघ बढ्दा स्थानीय बासिन्दाको ज्यान जाने, खेती नष्ट हुने र मानिस जङ्गलबाट पन्छिनुपर्ने अवस्था आयो भने — त्यो साँचो संरक्षण होइन, एउटा असन्तुलन हो।

> **साँचो संरक्षण त्यो हो जसमा जङ्गल पनि हुर्कन्छ, र जङ्गलसँगै बस्ने मानिस पनि सुरक्षित र समृद्ध हुन्छन्।**

**परिभाषा:** संरक्षण भनेको प्रकृति र मानव समाजबीचको त्यो सम्बन्धको रक्षा र पुनरुत्थान हो, जसले आजको जैविक विविधता र मानव कल्याण मात्र होइन, **आउँदा पुस्ताको हक र हित** पनि सुरक्षित गर्छ। कुनै एउटालाई अर्कोको मूल्यमा जोगाउनु संरक्षण होइन।

२

दोस्रो प्रश्न

## संरक्षण कसका लागि हो?

बाघ र गैँडाको तस्बिर संसारभर पुग्छ। अन्तर्राष्ट्रिय संस्थाहरूले प्रतिवेदन देखाउँछन्, दाताहरू खुसी हुन्छन्, पदक र पुरस्कार बाँडिन्छन्। तर एउटा प्रश्न बाँकी रहन्छ — **यो सबैको फाइदा कसलाई?**

जङ्गलको सबैभन्दा नजिक बस्ने, र यसको भार सबैभन्दा बढी बोक्ने त बर्दियाकै स्थानीय बासिन्दा हुन्। तर धेरैजसो फाइदा — नाम, स्रोत र निर्णय — टाढा पुग्छ।

**४७+**

बर्दियामा वन्यजन्तुबाट गएका ज्यान (सन् २०१९ यता)

**बालीनाश**

वर्षभरिको मेहनत रातारात नष्ट

**पशुधनको क्षति**

गाईवस्तु र बाख्रामाथि आक्रमण

**निरन्तर त्रास**

खेत, गोठ र बाटोमा दैनिक डर

जब भार एकातिर र फाइदा अर्कोतिर पर्छ, त्यो न्यायसंगत हुँदैन। संरक्षण **टाढाका सूचकाङ्क वा पुरस्कारका लागि** होइन — यो सबैभन्दा पहिले **त्यही माटोमा बस्ने समुदायका लागि** हुनुपर्छ।

> **जसले सबैभन्दा बढी मूल्य तिर्छ, फाइदा र निर्णयमा उसैको पहिलो हक हुनुपर्छ।**

यसको मतलब बाघ वा गैँडा जोगाउनु हुँदैन भन्ने होइन। मतलब यति हो — तिनलाई जोगाउने काम समुदायको जीवनलाई बलियो बनाउँदै हुनुपर्छ, कमजोर बनाउँदै होइन।

३

तेस्रो प्रश्न

# संरक्षण कसले गर्ने हो?

अहिलेको ढाँचामा निर्णय प्रायः माथिबाट आउँछ — कहाँ पोखरी बनाउने, कहाँ घाँस व्यवस्थापन गर्ने, कस्तो नियम लगाउने। स्थानीय बासिन्दालाई त प्रायः तयार भइसकेको योजना लागू गर्न मात्र भनिन्छ।

तर बर्दियाको माटो, मौसम, बाटो र बानी सबैभन्दा राम्ररी कसले चिन्छ? **यहीँ जन्मे-हुर्केका मानिसले।** उनीहरूको ज्ञानलाई किनारामा राखेर गरिने संरक्षण अधुरो हुन्छ।

क **समुदाय अगुवा:** समुदाय आफैँ योजनाको केन्द्रमा — सल्लाहकार होइन, निर्णायक।

ख **संस्था सहयोगी:** निकुञ्ज, संस्था र दाताले प्राविधिक र आर्थिक साथ दिने — निर्णय खोस्ने होइन।

ग **ज्ञानको जोड:** स्थानीय अनुभव र वैज्ञानिक ज्ञान सँगै — एउटाले अर्कोलाई नमेटाओस्।

> **जसले भार बोक्छ, उसैको हातमा बागडोर हुनुपर्छ। जङ्गलसँगै बाँच्ने समुदायलाई किनारामा राखेर टिकाउ संरक्षण सम्भव छैन।**

अनुदान सकिनासाथ वा जवाफदेहिताको माग हुनासाथ झोला बोकेर हिँड्ने छुट जोसँग छ, त्यो संरक्षणको उत्तम संवाहक हुनै सक्दैन। संस्थाहरू आउँछन्, जान्छन् — **सधैँ रहने दुई पक्ष हुन्: सरकार र समुदाय।** संरक्षण बिग्रिँदा परिणाम भोग्ने समुदाय; सप्रिँदा प्रत्यक्ष र प्रमुख लाभ पाउने पनि समुदाय। दुवै अवस्थामा सबैभन्दा ठूलो सरोकार र दाउ समुदायकै छ — त्यसैले संरक्षण कसरी गर्ने भन्नेमा सबैभन्दा ठूलो प्रभाव पनि समुदायकै हुनुपर्छ।

कर्तव्य र मर्यादा

# निकुञ्ज कसका लागि?<br>अधिकारी केका लागि?

राष्ट्रिय निकुञ्जका अधिकारीहरूको जिम्मेवारी निकुञ्ज र त्यसभित्रको जैविक विविधताको संरक्षण र व्यवस्थापन मात्र होइन — **वरपरका समुदायको हितका लागि काम गर्नु पनि उनीहरूकै दायित्व हो।**

अधिकारीहरूको भूमिका शासकको होइन, सेवकको हो। उनीहरू सार्वभौम जनताका तर्फबाट, कानुन र नीतिको सीमाभित्र रहेर, कर्तव्य निभाउन खटिएका हुन् — र त्यही सेवा नै उनीहरूको पदको गौरव हो।

हो, कठिन जिम्मेवारी सहज बनाउन उनीहरूलाई केही स्वविवेकीय अधिकार दिइएको छ। तर त्यही अधिकारकै भरमा निकुञ्जभित्र एकलौटी योजना लागू गर्नु — कंक्रीटका संरचना ठड्याउनु, दर्जनौँ पानीका पोखरी जथाभावी थप्नु, वा घाँसे मैदानमा अत्यधिक आगो र कटानी गर्नु — **संरक्षण अधिकारीको कर्तव्यको मर्मविपरीत हो।** स्वविवेक भनेको काम सहज बनाउने साधन हो, समुदायलाई निर्णयबाट पन्छाउने बाटो होइन।

> **निकुञ्ज छेउका समुदायको भन्ने हक छ — किनकि यो उनीहरूको सम्पदा हो, उनीहरूकै भविष्य हो; कतैबाट सरुवा भएर आउने कर्मचारीको होइन।**

**स्पष्ट रहोस्:** धेरै अधिकारी इमानदारीसाथ, कठिन परिस्थितिमा काम गरिरहेका छन् — त्यो कदरयोग्य छ। यो आग्रह कुनै व्यक्तिविरुद्ध होइन, पद्धतिप्रति हो: निकुञ्जभित्रका ठूला निर्णय एकलौटी गरिनुहुँदैन — समुदायको सहमतिसँगै गरिनुपर्छ।

सहयोगीको भूमिका

# संघसंस्थाको काम: उत्प्रेरक, अपरिहार्य होइन

गैरसरकारी तथा अन्तर्राष्ट्रिय संस्थाहरूको साँचो भूमिका **उत्प्रेरकको** हो — आगो सल्काउने झिल्को, आगो आफैँ होइन: नयाँ ज्ञान भित्र्याउने, क्षमता बढाउने, सुरुवात गराउने, अनि जिम्मेवारी समुदायलाई सुम्पेर नयाँ चुनौतीतिर लाग्ने।

जुन काम दोहोरिन्छ — वर्षौंदेखि उही तालिम, उही सर्वेक्षण, उही कार्यक्रम — त्यो क्रमशः सामुदायिक संस्थाकै हातमा जानुपर्छ; र संस्थाहरूकै पहिलो दायित्व हो: **समुदायको क्षमता त्यो तहसम्म पुऱ्याउनु।**

**अहिलेको प्रवृत्ति**

दशकौँदेखि उही भूमिका, उही काम।
आफूलाई अपरिहार्य देखाइरहने;
हस्तान्तरणको योजना कहिल्यै नबन्ने।

**हुनुपर्ने**

हरेक कामसँगै हस्तान्तरणको योजना।
सफलताको नाप: समुदाय कति चाँडो आत्मनिर्भर भयो।

दशकौँसम्म उही ठाउँमा उही काम — त्यो सफलताको होइन, **असफलताको सूचक** हो। जबरजस्ती सान्दर्भिकता जोगाइराख्ने यो प्रवृत्तिले दुईतिर हानि गर्छ: समुदायको अभिकर्तृत्व खुम्चिन्छ, र संस्थाकै काम पनि अनुत्पादक र नवीनताविहीन बन्छ। बर्दियामै रकम उपलब्ध हुँदाहुँदै, रचनात्मकताकै अभावमा उही असफल प्रयोग दोहोरिएका उदाहरण छन्। लगानी प्रायः "चेतना" र "व्यवहार परिवर्तन" जस्ता अमूर्त शीर्षकमा सोभिन्छ — जहाँ देखिने प्रमाण चाहिँदैन, र रकमको हिसाब राख्नै कठिन हुन्छ। स्पष्ट रहोस् — संस्थाहरू अनावश्यक छैनन्; आग्रह यति हो: हरेक भूमिकासँगै हस्तान्तरणको बाटो पनि लेखियोस्।

> **सहयोगीको सबैभन्दा ठूलो सफलता त्यो हो — जुन दिन उसको आवश्यकता नै बाँकी रहँदैन।**

स्थानीय सरकारको ठाउँ

# पालिका र वडा: संरक्षण बाधा होइन, अवसर

धेरै पालिका र वडामा संरक्षण निकाय र नीतिप्रति असन्तोष छ — विकासका योजना र प्रगतिका बाधकजस्ता लाग्छन्। यो भावना बुझ्न सकिन्छ: जहाँ स्थानीय सरकारको नियत र संरक्षणको मर्मबीच **विश्वासै छैन**, त्यहाँ हरेक नियम अवरोधजस्तो देखिन्छ।

तर संरक्षणमा स्थानीय सरकारको गम्भीर भूमिका छ — सर्त एउटै: नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) जस्ता **सजिला आम्दानीका स्रोतमा मात्र नअल्झिने।** सजिलो आम्दानीले आजको खल्ती भर्छ, तर भोलिको जग रित्याउँछ।

**पुरानो बाटो**

नदीजन्य पदार्थको उत्खनन र बिक्री। संरक्षणलाई विकासको बाधा मान्ने।

**नयाँ बाटो**

संरक्षणमा आधारित पर्यटन, उद्यम र सीपमा लगानी। संरक्षणलाई दीर्घकालीन पुँजी मान्ने।

मध्यवर्ती क्षेत्रजस्ता संरक्षण प्राथमिकताका ठाउँवरिपरिका पालिका र वडाले गर्न सक्ने सबैभन्दा असल काम: संरक्षणसँगै हिँड्दाका अल्पकालीन र दीर्घकालीन अवसरहरू बुझ्ने, र तिनैमा आधारित विकासलाई सहजीकरण गर्ने। स्थानीय नियम बनाउने, र प्राकृतिक स्रोत तथा संरक्षणका सम्पत्तिको सदुपयोग गर्न सक्ने गरी स्थानीय बासिन्दाको क्षमता बढाउने — परम्परागत उत्खननमै अल्झिनु र संरक्षणलाई बाधा मान्नुभन्दा यही नै दूरदर्शी बाटो हो।

> **संरक्षण स्थानीय विकासको बाधा होइन — बर्दियाको सबैभन्दा दिगो पुँजी हो।**

निजी क्षेत्रको जिम्मेवारी

# निजी क्षेत्र: पुँजी कसका लागि?

संरक्षणका कैयौँ प्राथमिकता क्षेत्र निजी क्षेत्रकै हातबाट बिग्रिएका छन् — बाहिरबाट पुँजी बोकेर **प्यारासुटझैँ झर्ने**, अनि समुदायले पुस्तौँ लगाएर आर्जन गरेको सामाजिक र पारिस्थितिक पुँजी भजाउने प्रवृत्ति। जग्गाको भाउ अस्वाभाविक उकालेर स्थानीयकै पहुँचबाहिर पुऱ्याउने काम पनि यसैको एक रूप हो।

असोचविचारको कंक्रीटीकरण; संस्कृति र सौन्दर्यसँग नमिल्ने संरचना; अनि उही-उही उत्पादन दोहोऱ्याएर बजार पातलो पार्ने बानी — नयाँ, रचनात्मक, पुनरुत्थानशील र समुदायलाई लाभ पुग्ने उपायको सट्टा। तर लगानी र उद्यम आफैँमा आवश्यक छन् — **प्रश्न लगानीको होइन, तरिकाको हो।**

**प्यारासुट पुँजी**

बाहिरबाट झर्ने, स्थानीय पुँजी भजाउने, नाफा बाहिरै लैजाने।

**साझेदार पुँजी**

समुदायसँगै बस्ने, स्थानीय रोजगारी र खरिदलाई प्राथमिकता, नाफाको अंश स्थानीय अर्थतन्त्रमै।

निजी क्षेत्रको पहिलो जिम्मेवारी यही हो: आफ्नै व्यवसायले त्यो सारतत्त्व नबिगारोस् — पारिस्थितिक, सौन्दर्य, सांस्कृतिक, आर्थिक र ऐतिहासिक — **जसले उनीहरूलाई पहिलोपल्ट बर्दियासम्म तान्यो।** विकासको नाममा बर्दियालाई अर्को सौराहा वा पोखरा बनाउँदै लैजानु बर्दियाको दीर्घकालीन हितमा छैन। बरु आफ्नै मौलिकपन अघि सार्दै, राम्रा पक्षहरूलाई अझ राम्रो बनाउँदै — दिगो विकास र पर्यापर्यटनको ज्वलन्त, दूरगामी रूपमा सफल गन्तव्य बन्नु नै बर्दियाका लागि उत्कृष्ट उपाय हो।

समुदायका अपेक्षा सिधा छन्: परियोजना थाल्नुअघि सामुदायिक संस्था, स्थानीय सरकार र संरक्षण निकायसँग बसेर सल्लाह; र स्थानीय रोजगारी तथा खरिदलाई प्राथमिकता।

> **समुदायको पुँजीमा फस्टाउने व्यवसायको पहिलो साझेदार समुदाय नै हुनुपर्छ।**

४

चौथो प्रश्न

## सफलताको श्रेय कसले पाउँछ?

शून्य चोरीशिकारका वर्ष होऊन् वा विश्वका १० दिगो गन्तव्यको सूचीमा बर्दियाको नाम — यी साँच्चिकै गर्वलायक, **वास्तविक सफलता** हुन्। तर यिनको श्रेय मुख्यतः कसले पायो? प्रायः प्रतिवेदनमा नाम लेखिने संस्था र व्यक्तिले।

जसले पुस्तौँदेखि जङ्गल जोगाए, जसले आफ्नो ज्यान र जीविका जोखिममा राखे — तिनको नाम प्रायः पछाडि पर्छ। यो सानो कुरा होइन। **श्रेय भनेको केवल इज्जत होइन — यो अर्को वर्षको स्रोत, निर्णय र शक्ति पनि हो।**

**अहिले**

सफलताको श्रेय टाढा पुग्छ। अर्को पटकको बजेट र निर्णय पनि उतै फर्किन्छ।

**हुनुपर्ने**

श्रेय समुदायसँग बाँडिन्छ। त्यही श्रेयसँगै स्रोत र निर्णयको अधिकार समुदायमै फर्किन्छ।

श्रेय जहाँ जान्छ, **शक्ति पनि त्यहीँ जान्छ** — जसले श्रेय पाउँछ, अर्को पटक निर्णय पनि उसैले गर्छ। समुदायले **वास्तविक श्रेय** पाउँदा (देखावटी, खोक्रो स्याबासी होइन) अझ सिक्ने, अझ राम्रो गर्ने र विशेषज्ञता आर्जने इच्छाशक्ति बढ्छ — जसले क्रमशः चुस्त, सर्वाङ्गीण संरक्षण अभ्यास जन्माउँछ। तर बाहिरियाले श्रेय खोसिरहँदा सोझा समुदाय-सदस्यमा छाप पर्छ: "संरक्षण त बाहिरियाकै काम रहेछ।"

> **साँचो सफलता त्यो हो जसमा समुदायले भन्न सकोस् — "यो जङ्गल हामीले जोगायौँ, र यसको फल पनि हामीले नै पायौँ।"**

जरो कुरा

# सफलता कसले परिभाषित गर्छ?

चारै प्रश्नको साझा सूत्र एउटै हो: जसको हातमा अभिकर्तृत्व, उसैले तय गर्छ — **संरक्षण के हो, र "सफलता" के हो।**

समुदाय सफलता परिभाषित गर्ने ठाउँमा नबसे, अरूले परिभाषित गर्छन् — र लक्ष्य, उपलब्धि र नापोका मापदण्ड उनीहरूकै नजर र प्राथमिकताअनुसार बन्छन्, जुन समुदायको हितसँग नमिल्न पनि सक्छ।

**संस्थाको नजरमा सफलता**

बाघको बढ्दो सङ्ख्या, प्रतिवेदनका अङ्क, अन्तर्राष्ट्रिय पुरस्कार।

**समुदायको नजरमा सफलता**

जङ्गल पनि बाँचोस्; जङ्गलसँगै बस्ने समुदाय पनि सुरक्षित र समृद्ध रहोस्।

बर्दिया यसकै प्रमाण हो। संसारभर **"चम्किलो सफलता"** भनेर बाँडिएको कुरा — विशेषगरी बाघको सङ्ख्या दोब्बर (Tx2) — यहाँका स्थानीय बासिन्दाका लागि सङ्कट बन्यो। परिभाषा टाढाबाट बन्दा, मूल्य यहीँको माटोले चुकायो।

जबसम्म सफलताको श्रेय सीमित हातहरूमा मात्र रहन्छ, तबसम्म सजिलो बाटो रोज्ने र "सफलता के हो" भन्नेमा जवाफदेहिताबाट टाढिने प्रलोभन रहिरहन्छ, समुदायकै मूल्यमा भए पनि। **तर जहाँ श्रेय बाँडिन्छ, त्यहाँ जिम्मेवारी पनि बलियो हुन्छ।**

**अन्तिम अनुमोदन समुदायको:** सफलता हो कि असफलता — अन्तिम निर्णय र अनुमोदन समुदायबाटै हुनुपर्छ; त्यसपछि मात्र अरू सरोकारवाला र सहकर्मीले "संरक्षण सफलता" शब्द प्रयोग गर्न पाउनुपर्छ। सफलता कसले, केका आधारमा घोषणा गर्ने भन्ने अभिकर्तृत्व गलत हातमा रहेसम्म, सफलताको गलत व्याख्या अवश्यम्भावी छ।

> **सफलता कसले नाप्छ भन्ने कुराले नै तय गर्छ — त्यो सफलता कसका लागि हो।**

स्रोतको कुरा

# लगानी कहाँ?<br>प्राथमिकता कसले तोक्ने?

सफलताको परिभाषा जसले लेख्छ, लगानीको प्राथमिकता पनि उसैले तोक्छ। र प्राथमिकता बिग्रिएपछि, लगानी पनि बरालिन्छ।

उदाहरण हेरौँ — आज बर्दियाको सबैभन्दा ठूलो सङ्कट मानव–वन्यजन्तु द्वन्द्व हो। तर लगानीको ठूलो हिस्सा चोरीशिकार नियन्त्रणमै मात्र केन्द्रित छ भने, त्यो **बरालिएको लगानी** हो। चोरीशिकार रोक्नु आवश्यक छ — तर घरमा आगो बलिरहेका बेला पर्खाल रङ्गाउनु प्राथमिकता होइन। यस्ता लगानी कहिलेकाहीँ समुदायको हितविपरीत समेत हुन पुग्छन्।

**बरालिएको लगानी**

प्राथमिकता बाहिरबाट तय हुन्छ। समुदायले भोगिरहेको सबैभन्दा ठूलो पीडा ओझेलमा पर्छ।

**ठिक ठाउँको लगानी**

समुदायकै भोगाइबाट प्राथमिकता तय हुन्छ। स्रोत सबैभन्दा ठूलो समस्यामा पहिले पुग्छ।

यस्तो किन दोहोरिरहन्छ? किनकि प्राथमिकता तोक्नेहरू ती हुन्, जसले **निर्णयको परिणाम आफैँ भोग्नुपर्दैन।** निर्णयमा समुदायको भूमिका नभएसम्म, बाहिरी पक्षकै नजर र सुविधाअनुसार यस्ता निर्णय दोहोरिइरहनेछन्।

> **जसले परिणाम भोग्छ, प्राथमिकता पनि उसैले तोक्नुपर्छ।**

जोड्ने कडी

# मानव–वन्यजन्तु द्वन्द्व: रोग होइन, लक्षण हो

बर्दियामा बाघ र मानिसबीचको द्वन्द्व आज सबैभन्दा ठूलो पीडा बनेको छ। तर यो **मूल समस्या होइन** — यो त गहिरो समस्याको बाहिरी लक्षण मात्र हो।

सोच्नुहोस् — पानीका पोखरी बढाइए, घाँसे मैदान व्यवस्थापन गरिए, बाघको सङ्ख्या तीव्र बढ्यो। यी सबै निर्णय समुदायको सल्लाह बिना, माथिबाट भए। नतिजा: बस्तीतिरै जनावर आउने, र द्वन्द्व चर्किने।

सारा ध्यान केही प्रजातिको सङ्ख्या बढाउनेमै केन्द्रित भयो। तर त्यो वृद्धिले नजिकैका समुदायमा कस्तो असर पार्छ भन्नेबारे न पहिले विचार गरियो, न त कुनै तयारी। **असर सोचिएन, त्यसैले तयारी पनि भएन** — र त्यो भार सोझै स्थानीय बासिन्दामाथि आइपऱ्यो।

१. समुदायको अभिकर्तृत्व बिना, माथिबाट निर्णय
२. केही प्रजातिको सङ्ख्या बढाउनेमै ध्यान केन्द्रित
३. जङ्गल र समुदायको सन्तुलन बिग्रियो
४. मानव–वन्यजन्तु द्वन्द्व — यो लक्षण देखियो

एउटा गहिरो कुरा: "मानव–वन्यजन्तु द्वन्द्व"को **"मानव"ले व्यवहारमा समुदायकै सदस्यलाई जनाउँछ** — द्वन्द्वमा पर्ने न अधिकारी हुन्, न दाता। तर समाधानको निर्णय भने द्वन्द्वका दुवै पक्ष — वन्यजन्तु (स्वाभाविकै) र स्थानीय समुदाय — बाहेक अरूले गरिरहेका छन्। त्यसैले त हात्तीसँगको दशकौँ पुरानो द्वन्द्व सुल्झिएन मात्र होइन, बाघ र चितुवासँगको नयाँ सङ्कट थपिँदै गयो।

तारबार र क्षतिपूर्ति आवश्यक छन्, तर तिनले लक्षण मात्र छुन्छन्। **मूल उपचार: निर्णयको बागडोर समुदायलाई फर्काउनु।**

# अभिकर्तृत्व भएपछि के फेरिन्छ?

यो कुनै सपना होइन — व्यवहारमा उतार्न सकिने कुरा हो। जब बर्दियाको समुदायको हातमा साँचो अभिकर्तृत्व आउँछ, तब यी कुरा फेरिन्छन्:

→ **निर्णय समुदायमै:** के-कस्ता समस्या छन्, कस्ता अवसर उपलब्ध छन्, र प्राथमिकता के हुने — यी कुरा समुदायकै सल्लाहमा तय हुन्छन्।

→ **द्वन्द्व घट्छ:** सन्तुलन समुदायकै समझमा बन्ने भएकाले, जनावर र मानिसको टकराव आफैँ कम हुन्छ।

→ **फाइदा समुदायमा:** पर्यटन, स्रोत र रोजगारीको लाभ पहिले त्यहीँका स्थानीय बासिन्दासम्म पुग्छ।

→ **श्रेय समुदायको:** सफलताको नाम र त्यससँग आउने शक्ति समुदायमै रहन्छ।

→ **उल्टा काम रोकिन्छन्:** दाता वा निकायकै नाममा हुने प्रत्युत्पादक काम तुरुन्तै बन्द हुन्छन्; सामान्य विवेक हावी हुन्छ, नियन्त्रण-सन्तुलन कायम रहन्छ।

→ **सूचित निर्णय, बढ्दो विशेषज्ञता:** हरेक योजनाका फाइदा-बेफाइदा आफ्नो जीवन र परिवेशमा — अल्पकालीन र दीर्घकालीन — केलाएर निर्णय हुन्छ; र वर्षौंको सहभागितासँगै स्थानीयहरू विशेषज्ञ तहकै संरक्षण योजनामा दखल राख्ने विज्ञ बन्दै जान्छन्।

→ **संरक्षण नै बलियो हुन्छ:** स्थानीय बासिन्दाले पारिस्थितिकी र निकुञ्ज सञ्चालनको समग्र बुझाइ हासिल गर्छन् — र संरक्षणमा अझ रचनात्मक र सकारात्मक भूमिका खेल्न सक्छन्।

> **अभिकर्तृत्व भनेको जङ्गलविरुद्ध जानु होइन — जङ्गलसँगै, बराबरीको मालिक भएर बाँच्नु हो।**

बर्दियाको समुदायसँग पुस्तौँको ज्ञान, माटोको माया र जोगाउने इच्छा — सबै छ; नभएको एउटै कुरा हो: **निर्णयको चाबी**। चाबी फर्केपछि बर्दिया आफैँ नमुना बन्छ।

अब हाम्रो पालो

# अभिकर्तृत्व कसरी सुरु गर्ने?

अभिकर्तृत्व कसैले उपहारमा मात्र दिँदैन — यो समुदाय आफैँले सानो तर निरन्तर पाइलाबाट आर्जन गर्ने कुरा पनि हो।

१ **चासो राख्ने:** संरक्षण हाम्रै सरोकारको विषय हो भनेर पहिले आफैँले स्वीकार गर्ने। चासो बिना अधिकार टिक्दैन।

२ **सिक्ने अवसर समात्ने:** समुदायमा चलिरहेका संरक्षण योजना, गतिविधि र बजेट बुझ्ने मौका खोज्ने; बैठक र छलफलमा उपस्थित हुने।

३ **प्रश्न सोध्ने बानी:** सम्बन्धित निकायलाई सोध्न सिक्ने — यो किन भइरहेको छ? कसको सल्लाहमा? यसमा हाम्रो भूमिका के? प्रश्नले नै जवाफदेहिता जन्माउँछ।

४ **सँगै संगठित हुने:** एक्लै होइन, सामूहिक रूपमा — परिषद्, समूह वा सहकारीमार्फत आवाजलाई बलियो बनाउने।

**अधिकारसँगै जिम्मेवारी:** अभिकर्तृत्व त्यसैसँग टिक्छ जसले केही अनुशासन र जिम्मेवारी पनि बोक्न सक्छ। पारदर्शी हुने, आफ्नो निर्णयको जवाफ दिन तयार हुने, आफैँले बनाएको नियम आफैँ मान्ने, र तत्कालको फाइदाभन्दा दीर्घकालीन हितलाई माथि राख्ने। अनुशासन र जवाफदेही बिनाको अधिकार धेरै टिक्दैन।

**हाम्रो बाटो, हाम्रो मर्यादा:** आवाज बलियो बनाऔँ; तीतो सत्य बोल्न नहिचकिचाऔँ — यथास्थितिलाई चुनौती दिँदा कोही असहज होलान्, त्यो स्वाभाविकै हो। तर सधैँ सम्झौँ: परम्परागत संरक्षण निकायहरूका सकारात्मक योगदानप्रति सम्मान राखौँ, अहिंसामा अडिग रहौँ, र हाम्रो हरेक कदम तर्कसंगत, नैतिक र मर्यादित होस्। हाम्रो शक्ति आक्रोशमा होइन — सत्य, संयम र नैतिक धरातलमा छ।

अभिकर्तृत्व माग्ने र आर्जन गर्ने — दुवै सँगै जान्छन्। जति हामी चासो, सिकाइ, प्रश्न र जिम्मेवारीमा खरो उत्रन्छौँ, त्यति नै बागडोर हाम्रो हातमा फर्किन्छ।

अगाडिको यात्रा

# गन्तव्य के हो? पुग्न के चाहिन्छ?

कल्पना गरौँ — निकुञ्जका योजना समुदायको सहमतिमा बन्छन्, द्वन्द्वको छिटो र न्यायपूर्ण समाधान हुन्छ, पर्यटनको लाभ स्थानीय बासिन्दासम्म पुग्छ, र संसारले बर्दियालाई "समुदायले चलाएको संरक्षण"को नमुना मान्छ। यही गन्तव्यमा पुग्न केही बढी चाहिन्छ:

१ **सीप र शिक्षा:** पारिस्थितिकी, कानुन र निकुञ्ज व्यवस्थापनको आधारभूत ज्ञान; हिसाबकिताब, नेतृत्व र संवादको सीप — ताकि समुदाय जुनसुकै टेबलमा बराबर भएर बस्न सकोस्।

२ **संस्थागत ढाँचा:** बर्दियाकै सन्दर्भमा — बस्ती-बस्तीमा सामुदायिक संरक्षण समिति, तिनको साझा सङ्गठन, र निकुञ्जसँग औपचारिक सहनिर्णयको संयन्त्र। छरिएको आवाज हराउँछ; संगठित आवाज संस्था बन्छ।

३ **स्व-शासन र स्व-अनुशासन:** अरूलाई जवाफदेही बनाउनुअघि आफैँ जवाफदेही बनौँ। साना तर अर्थपूर्ण अभ्यासबाट सुरु गरौँ — जङ्गल छेउमा चर्को गीत-सङ्गीत आफैँ नियमन गर्ने, माछा मार्ने चलनलाई दिगो अभ्यासतिर लैजाने।

**विश्वासको कुरा:** समुदायको क्षमता र नियतमाथि प्रश्न उठाउने तर्क निकायहरूसँग छँदै छ — समुदाय आफैँ आधारभूत अनुशासनमा चुक्दा त्यही तर्कले बल पाउँछ। संरक्षणका वास्तविक समस्या सम्हाल्ने सामर्थ्य समुदायले देखाएपछि मात्र विश्वास बन्छ — अनि नियतमाथि शङ्का गर्ने बहाना कसैसँग रहँदैन। समुदाय जति तयार, बागडोर उति नजिक।

> **कसैले भन्नुअघि नै आफैँ थालेको असल अभ्यास — त्यही नै अभिकर्तृत्व धान्न तयार भएको सबैभन्दा बलियो प्रमाण हो।**

# साँचो प्रतिनिधित्व, साँचो अभिकर्तृत्व

अभिकर्तृत्व समुदायको हातमा आउनु भनेको **केही व्यक्तिको हातमा आउनु होइन।** जबसम्म सामुदायिक संस्थाहरूमा बहुसङ्ख्यक सदस्यको लोकतान्त्रिक र सक्रिय सहभागिता हुँदैन, तबसम्म समुदायका साँचा सरोकारको साँचो प्रतिनिधित्व सम्भव छैन।

तलदेखि माथिसम्मको बलियो संयन्त्र नभएका ठाउँमा एउटा जोखिम सधैँ रहन्छ — समुदायकै केही सदस्य **"पेसेवर लाभग्राही"** बन्ने; बाहिरिया र शक्तिशालीकै स्वार्थमा चल्ने; र सानो व्यक्तिगत फाइदाका लागि आफ्नै बहुसङ्ख्यक सदस्यलाई धोका दिने। यो कुनै व्यक्तिको दोष होइन — कमजोर संरचनाले जन्माउने प्रवृत्ति हो।

**पुरानो चलन**

समुदायको "प्रतिनिधित्व" पुरानै खेलाडीका केही लाभग्राहीले गर्ने; भेला औपचारिकतामा सीमित।

**हुनुपर्ने**

बस्तीदेखि परिषद्सम्म प्रमाणित भएर आएका बहुमतका साँचा विचारले ठाउँ पाउने।

त्यसैले हरेक बस्तीका सामुदायिक संरक्षण समिति सक्रिय रहनुपर्छ — सरोकार र विचार नियमित बाँड्दै, छलफल गर्दै। बस्तीका आवाज तहगत रूपमा जोडिँदै परिषद्सम्म पुगेपछि, त्यो परिषद् केही शक्तिशाली सदस्यको लहड वा स्वार्थमा हल्लिन सक्दैन — **किनकि त्यसको जग बहुमतको प्रमाणित धारणामा उभिएको हुन्छ।**

> **थोरैको स्वार्थमा हल्लिने होइन — बहुमतको आवाजमा उभिने संस्था नै साँचो अभिकर्तृत्वको जग हो।**

# कुनै पनि हस्तक्षेप — जाँच्ने सात कसी

कुनै संरक्षण हस्तक्षेप — योजना, आयोजना वा कार्यक्रम — अघि बढाउनुअघि, समुदाय-संयन्त्रले तल दिइएका कसीमा जाँच्नुपर्छ। कुनै कसीमा प्रस्ट जवाफ नआए, थप छलफल र संशोधन नभई त्यो प्रस्ताव अघि बढाइनु हुँदैन।

१ **वास्तविक आवश्यकता, कि हावादारी कल्पना?** यसले अहिले नै टड्कारो देखिएको समस्या सम्बोधन गर्छ, कि प्रमाणविहीन परिकल्पनामाथि उभिएको छ?

२ **साँच्चै सशक्तीकरण गर्छ?** आर्थिक रूपमा वा संरक्षणको निर्णयमा अभिकर्तृत्व दिने गरी समुदायलाई बलियो बनाउँछ?

३ **गति र आकार क्षमतासँग मिल्छ?** यसको गति र आकार स्थानीय क्षमताले साँच्चै धान्न सक्ने खालको छ, कि हतारमा थोपरिएको छ?

४ **सम्भावित उपप्रभाव केलाइएको छ?** नकारात्मक उपप्रभावका सबै सम्भावित परिदृश्य र तिनका उपचार पहिल्यै सोचिएको छ?

५ **समुदायकै निगरानी छ?** प्रतिनिधिमूलक समुदाय-निगरानी र जाँचको पारदर्शी संयन्त्र (community transparency) राखिएको छ?

६ **डेटा-स्वामित्व र जैविक-चोरीको जोखिम?** लागू हुने हकमा, स्थानीय ज्ञान, डेटा र जैविक स्रोतको अनधिकृत उपयोग (बायोपाइरेसी) रोक्ने प्रबन्ध छ?

७ **बन्द गर्नुपर्ने अवस्था प्रस्ट छ?** कुन अवस्थामा समुदाय-संयन्त्रले यसलाई "बन्द गर्नुपर्ने" ठहऱ्याउन सक्छ भन्ने सर्त पहिल्यै लेखिएको छ?

> **जुन प्रस्तावले यी कसी पार गर्न सक्दैन, त्यो समुदायको स्वार्थमा छैन — जतिसुकै आकर्षक सुनिए पनि।**

**किन "कसी"?** सुनारले सुनको खोट कसीमा घोटेर जाँच्छ — टल्किएर मात्र सुन ठहरिँदैन। संरक्षणका प्रस्ताव पनि त्यस्तै हुन्: जति सुनौला सुनिए पनि, कसीमा नजाँची स्विकार्नु हुँदैन। यी सात कसीले समुदायको हित मात्र होइन, साँचो र दिगो संरक्षण आफैँलाई पनि जोगाउँछन्।

# संरक्षण सहकार्यको स्वरूप — समुदाय केन्द्रमा

संरक्षण कुनै एक्लो पक्षको काम होइन। हरेकको भूमिका छ — र त्यो नाघ्ने आ-आफ्नै तरिका पनि।

**निकुञ्ज / सरकार**
✓ कानुनभित्र सहजकर्ता, सहनिर्णायक साझेदार
✕ सहमति नमानी शासन गर्ने एकलौटी अधिकारी

**संघसंस्था (NGO/INGO)**
✓ अस्थायी उत्प्रेरक, क्षमता निर्माता
✕ कहिल्यै नछोड्ने स्थायी सञ्चालक

**स्थानीय सरकार**
✓ संरक्षणमैत्री विकासको सहजकर्ता
✕ राजस्वमै रुमल्लिने, संरक्षणलाई बाधा ठान्ने

**निजी क्षेत्र**
✓ सम्मानजनक, स्थानीय-प्राथमिकता लगानीकर्ता
✕ सहमति बिनै दोहन गर्ने प्यारासुट पुँजी

**समुदाय — केन्द्रीय अभिकर्ता**

निर्णय, दिशा र स्वामित्वको केन्द्र

**प्राज्ञिक निकायहरू**
✓ स्वतन्त्र प्रमाण दिने, ज्ञान फर्काउने
✕ डेटा लैजाने, केही नफर्काउने अनुसन्धान

**सञ्चार माध्यम**
✓ समुदायको आवाज साँच्चै बुलन्द पार्ने
✕ बाहिरिया स्वार्थमा सनसनी छाप्ने

**दाता / सहायता निकाय**
✓ लचिलो, समुदायकै प्राथमिकतामा भरोसा गर्ने
✕ सर्तमाथि सर्त थोपरी आफ्नै एजेन्डा लाद्ने

> **असन्तुलन प्रायः कसैले आफ्नो काम कम गरेर होइन — कसैले अर्काको भूमिका बढी समयसम्म ओगटेर आउँछ। नभएको क्षमता निर्माण गर्नुहोस्; तर कसैको भूमिका सधैँका लागि आफैँ नओगट्नुहोस् — स्थायी विकल्प नै त्यो भूमिका सधैँ रित्तो राख्ने कारण बन्छ।**

अन्त्यमा

# बागडोर हाम्रो हातमा

यो पुस्तिकाले कसैलाई शत्रु बनाउन खोजेको छैन। निकुञ्ज, संस्था र दाता — सबैको भूमिका छ, र सबैको साथ चाहिन्छ। तर एउटा कुरा सिधा छ, जसलाई कसैले अस्वीकार गर्न सक्दैन:

"जुन जङ्गल हामीले जोगायौँ, त्यसको निर्णय, फाइदा र श्रेयमा हाम्रो पहिलो हक हुनुपर्छ।"

चार प्रश्न — के हो, कसका लागि हो, कसले गर्ने हो, श्रेय कसले पाउँछ — यी नै हाम्रा कसी हुन्। जहाँ यी चारै प्रश्नको जवाफमा **समुदाय** आउँछ, त्यहीँ साँचो, दिगो र न्यायपूर्ण संरक्षण हुन्छ।

बर्दियाले संसारलाई देखाउन सक्छ — मानिस र बाघ, समुदाय र जङ्गल, विकास र प्रकृति — सबै सँगै फस्टाउन सक्छन्। सर्त एउटै हो: **बागडोर समुदायको हातमा।** र हाम्रो आवाज बलियो होस्, तर बाटो सधैँ मर्यादित।

अन्त्यमा — यस पुस्तिकाले अहिलेलाई बर्दियालाई उदाहरण बनाएको छ, तर यो अवधारणा **विश्वव्यापी** छ। जहाँसुकै, जुनसुकै सन्दर्भका समुदायले यसलाई आ-आफ्नै माटोअनुसार अपनाउन, बदल्न र अगाडि बढाउन सक्छन् — त्यसका लागि हार्दिक निमन्त्रणा।

# BCRCF

Burhan Community Regeneration and Conservation Foundation

*for the Agency of Community over Conservation*

## बुर्हान समुदाय पुनरुत्थान तथा संरक्षण प्रतिष्ठान

समुदायको अभिकर्तृत्व · दिगो संरक्षण · न्यायपूर्ण भविष्य

यो पुस्तिका बर्दियाका समुदायसँग सोच्न, छलफल गर्न र अगाडि बढ्नका लागि तयार पारिएको हो।

BCRCF · www.bcrcf.org
info@bcrcf.org

असार २०८३ · जुलाई २०२६

© २०२६ बुर्हान समुदाय पुनरुत्थान तथा संरक्षण प्रतिष्ठान (BCRCF)
फराकिलो र गहिरो छलफलकै लागि — यस पुस्तिकाका सामग्रीको खुला पुनरुत्पादन, अनुवाद र वितरणलाई हार्दिक प्रोत्साहन गरिन्छ। स्रोतको सामान्य उल्लेख नै पर्याप्त हुनेछ।